लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग

# प्रस्ताव आव्हानको सूचना

**सूचना नं. ०८२/८३-१**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१७**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङको चालू आ.व. २०८२/०८३ को तपसिल बमोजिमका स्वीकृत बार्षिक कार्यक्रमहरु **"कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि २०८२"** बमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/निजी फर्म/कम्पनी/उद्यमीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८२/०८/०८ गते) भित्र तोकिएको ढाँचामा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य संख्या | वजेट रु. लाखमा | संचालन गरिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | संचालन हुने स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|---|
| १. | डेरी तथा मासु पसल सुधार/निर्माण | ४ | ४ | • आवश्यक भौतिक पूर्वाधार निर्माण/सुधार,मेसिनरी/औजार/उपकरण,सामाग्री खरिद तथा अन्य व्यवस्थापन<br>• जिउँदो माछा पसलको हकमा कम्तीमा १०० के.जी. क्षमता भएको ट्याङ्क निर्माण सहित आवश्यक अन्य व्यवस्थापन | • डेरी पसल,मासु पसल र जिउदो माछा पसलको हकमा क्रमश १०० लि. दुध, ५० के.जी. मासु र ५० के.जी. माछाको कारोवार गरेको हुनुपर्ने।<br>• भाडामा लिई व्यवसाय सन्चालन गरेको हकमा कम्तिमा ५ वर्षको करारनामा पेश गर्नु पर्ने।<br>• अनुसूची १८,१९,२०,२१ अनुसार मापदण्ड पुरा गर्नुपर्ने। | दाङ्ग जिल्ल भरी | प्रति आयोजना अधिकतम ५० प्रतिशत वा अधिकतम एक लाख अनुदान दिन सकिने। |
| २. | मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम | ५ | ४ | • दुग्धजन्य परिकार (खुवा, पेडा, छुर्पि, कुल्फि, आइसक्रिम, पनिर, दही, आदि) र मासुजन्य परिकारहरू (ससेज, सलामि, मिटवल, अचार आदि) उत्पादन,<br>• परिकार लेवलिङ र प्याकेजिङ गर्ने क्रियाकलापहरु<br>• आवश्यक सामाग्री, मेसिनरी, औजार उकपरणहरू,<br>• आवश्यक प्रिजरभेटिभस्, फूड एडिटिभ्स, इडिवल रङ, शुक्ष्मजीवाणु आदि, | • स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले स्थापना भएका लक्षित ग्रामीण साना उद्योग,<br>• लघु उद्यमबाट उत्पादन प्रशोधन तथा प्याकेजिङ गरी बजारमा उपलब्ध गराउनु पर्ने, | दाङ्ग जिल्ल भरी | कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान |
| ३. | उद्योग लक्षित मकै, भट्टमास, जौ उत्पादन सहयोग | १० हे. | २ | • जमिनको तयारी,<br>• कम्पोष्ट/रसायनिक मल/औषधी खरिद,<br>• सिँचाई तथा गोडमेल,<br>• वीउ खरिद,<br>• मेशिनरी/कृषि औजार खरिद,<br>• अन्य व्यवस्थापकिय खर्च | • साईलेज/दाना उत्पादनकालागी खेती गर्न इच्छुक कृषक/फर्म/कम्पनी/समुह/कृषि सहकारी हुनुपर्ने।<br>• साईलेज/दाना उद्योगसँग उत्पादन खरिद गर्ने करार सम्झौता भएको प्रस्तावकलाई प्राथमिकता दिइनेछ।<br>• यस कार्यक्रममा सहभागी हुन कम्तिमा २० कठ्ठा खेती गर्नु पर्ने।<br>• करार खेतीको हकमा कम्तिमा २ बर्षको करारनामा हुनुपर्ने। | दाङ्ग जिल्ल भरी | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर बढीमा रु. २५ हजार अनुदान।<br>प्रति अनुदानग्राही अधिकतम २० हे. क्षेत्रफल सम्म सहयोग गर्न सकिने। |



कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | नयाँ पोखरी निर्माण | १ हे. | ५ | • नयाँ पोखरी निर्माण | • कार्यालयले उपलव्ध गराएको ले-आउट तथा डिजाइन अनुसार पोखरी निर्माण हुनुपर्ने।<br>• पानीको स्थायी श्रोतको व्यवस्था भएको हुनुपर्ने।<br>• कम्तीमा ३ कठ्ठा जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरी निर्माण गर्नुपर्ने।<br>• जग्गाको स्वामित्व आफ्नै हुनुपर्ने वा जग्गा भाडामा लिएको भए कम्तिमा १० बर्षको करार सम्झौता हुनपर्ने। | दाङ्ग जिल्ला भरी | • प्रति हेक्टर जलाशय पाँच लाख अनुदान नबढने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५. | मत्स्य व्यवसायका लागि यान्त्रिकरणमा सहयोग कार्यक्रम | पटक १ | ५ | • एरिएटर, सम्मरसिवल पम्प,सोलार पम्प,इलेक्ट्रिक मोटर,पम्प सेट, पेलेट मेशिन,फिडर मेशिन,महाजाल तथा अन्य मत्स्य व्यवसायमा प्रयोग हुने मेशिनरी/यन्त्र/उपकरण खरिद तथा जडान। | • कम्तीमा ०.३ हे. जलाशय भएका कृषक/ फर्म/ कम्पनी/ कृषक समूह/समिति/ कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने। | दाङ्ग जिल्ला भरी | • कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान। |
| ६. | प्राकृतिक जलाशयमा मत्स्य प्रवर्द्धन( भुरा वितरण ) | पटक १ | २.४ | • मत्स्य भुरा खरिद तथा वितरण | • प्राकृतिक जलाशयमा आफैले वा करारमा लिई माछा पालन गरेको ईच्छुक कृषक समूह/कृषि सहकारी/उपभोक्ता समिति/ निजी व्यवसाय हुनुपर्ने।<br>• स्थानिय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका प्राकृतिक जलाशयहरु (घोल/ताल,सिमसार) | दाङ्ग जिल्ला भरी | कार्यालयले खरिद गरी वितरण गरिने।<br>(प्रति हे. ७००० गोटाका दरले) |
| ७. | पुरानो पोखरी मर्मत संभार कार्यक्रम | हेक्टर २ | ६ | • कृत्रिम पोखरी मर्मत संभार,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ खरिद तथा व्यवस्थापन।<br>• नापजाँच अनुगमन र प्रतिवेदन। | • कम्तीमा ५ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरूको मर्मत सम्भार गर्न सकिने।<br>• मर्मत संभार गरिएको पोखरीको गहिराइ कम्तीमा १.५ मिटर हुनुपर्ने,<br>• बहुपत्रे प्लाष्टिक शीटको लाइलिङ सहितको पोखरी मर्मत संभार गर्न चाहेमा पोखरीको सलामी,डिल र गहिराइ प्राविधिक रुपमा उचित कायम गर्नुपर्ने। | दाङ्ग जिल्ला भरी | • प्रति हेक्टर जलाशयमा रु. २ लाखमा नबढने गरी पोखरी मर्मत सम्भारमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग।<br>• डिलमा २०० Gram Square Meter को बहुपत्रेप्लास्टिक शीटको लाइनिङ सहित पोखरी मर्मत संभारको लागि कुल लागत खर्चको ५० % वा अधिकतम रु. ५ लाख अनुदान। |

नि.कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | मत्स्य पोखरीमा प्रयोग हुने विद्युत महशुलमा छुट | पटक १ | ४ | • अनुसूची ३३ बमोजिमको निवेदन पेश गर्ने।<br>• कार्यालयले विद्युत महशुल तिरेको विल अनुसार प्राविधिक प्रतिवेदन बमोजिम सहुलियत रकम जम्मा गर्ने। | • कम्तिमा १० कठ्ठा जलाशयमा मत्स्य पालन गरेको हुनुपर्ने।<br>• फर्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीकोनामा दर्ता भई मत्स्य पालनमा मात्र प्रयोग भएको विद्युतिय मिटरमा अनुदान प्रवाह गरिनेछ।<br>• विद्युत महशुल तिरेको विल पेश गर्नुपर्नेछ। | दाङ्ग जिल्ला भरी | • मत्स्य व्यवसायका लागी जडान गरिएको विद्युत मिटरमा बार्षिक रुपमा उठेको कूल विद्युत महशुलको ५०% वा प्रति अनुदानग्राही अधिकतम रु. ५० हजार सम्म सहुलियत प्रदान गर्न सकिने। |

**आवेदनका लागी आवश्यक कागजातहरु**

१. प्रस्तावकको निवेदन अनुसूची -२३ बमोजिम ।
२. अनुसूची -२५ बमोजिमको व्यवसायिक कार्ययोजना।
३. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
४. दर्ता/ नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी। (समूह/निजी फर्म/कम्पनी/सहकारी)
५. स्थायी लेखा नम्वर प्रमाण पत्र तथा गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी। (निजी फर्म/ समूह/कम्पनी/सहकारी)
६. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
७. समूह/सहकारीको हकमा प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी ।
८. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको १० वर्षको वा तोकिएको अवधिको करार पत्र।

यस सूचनामा आवश्यक वुदाहरु छुट हुन गएमा **"कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि २०८२"** बमोजिम गरिने व्यहोरा अनुरोध छ ।उक्त कार्यविधि यसै कार्यालयको वेवसाइड dang.vethos.gov.np बाट डाउनलोड गर्न सकिनेछ।थप जानकारीकोलागी कार्यालयको फोन नं. ०८२-५६०००२१ वा कार्यालयको सूचना अधिकारी श्री कृष्ण न्यौपाने (९८५७८२६६८५) लाई सम्पर्क गर्नहुन अनुरोध छ।प्रस्ताव पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा भोली पल्ट कार्यालय समयमा प्रस्ताव वुझाउन सकिनेछ।

२०८२/८/१६

डा. हरिनारायण प्रसाद थारु
नि. कार्यालय प्रमुख